विराटनगर महानगरपालिका

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ

बैठक संख्याः ९१

मितिः २०७८/०१/२६

बैठक प्रारम्भः दिउँसो २:०० बजे

बैठक स्थगनः दिउँसो ४:०० बजे

नेपालको संविधानको धारा २१६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ बमोजिम विराटनगर महानगरपालिका नगर कार्यपालिकाका प्रमुख श्री भीम पराजुलीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको बैठक बसी निम्नलिखित निर्णयहरू गरियो।

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री भीम पराजुली | |
| २ | उपप्रमुख | श्री इन्दिरा कार्की | |
| ३ | सदस्य | श्री उद्धव अर्याल | |
| ४ | सदस्य | श्री कुमार पोखरेल | |
| ५ | सदस्य | श्री बिनोद कुमार बस्नेत | |
| ६ | सदस्य | श्री देबेन्द्रराज पोखरेल | |
| ७ | सदस्य | श्री मिनकुमार आचार्य | |
| ८ | सदस्य | श्री विजय कामत | |
| ९ | सदस्य | श्री मधूबाबु तिवारी | |
| १० | सदस्य | श्री निश्चल अर्याल | |
| ११ | सदस्य | श्री विश्वनाथ भंगत | |
| १२ | सदस्य | श्री माधवराज वाग्ले | |
| १३ | सदस्य | श्री तिर्थेन्द्र न्यौपाने | |
| १४ | सदस्य | श्री हिरालाल कामत | |
| १५ | सदस्य | श्री झरीलाल महतो | |
| १६ | सदस्य | श्री बलदेव यादव | |
| १७ | सदस्य | श्री असलम आलम | |
| १८ | सदस्य | श्री मनोज सुब्बा | |
| १९ | सदस्य | श्री समिम कमर | |
| २० | का.वा.सदस्य | श्री राजदेव यादव | |
| २१ | सदस्य | श्री बद्रीनारायण सरदार | |
| २२ | सदस्य | श्री चम्पा देवी खत्री | |
| २३ | सदस्य | श्री शिला श्रेष्ठ | |
| २४ | सदस्य | श्री बिना मण्डल | |

| | | | |
|---|---|---|---|
| २५ | सदस्य | श्री कमला सुब्बा | |
| २६ | सदस्य | श्री सुशीला पोखरेल (ओझा) | |
| २७ | सदस्य | श्री अरुण खेतान | |
| २८ | सदस्य | श्री गायत्री कुमारी दास | |
| २९ | नि.सचिव | श्री दुर्गाप्रसाद खतिवडा | |
| ३० | बैठक व्यवस्थापन सहयोगी | श्री अर्जुन थपलिया | |
| ३१ | बैठक व्यवस्थापन सहयोगी | श्री केवल पोखरेल | |
| ३२ | बैठक व्यवस्थापन सहयोगी | श्री धिरज राई | |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ

विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७८/०१/२६ गते बसेको बैठकको एजेन्डा र निर्णयहरूः

| क्र.सं. | एजेन्डा | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | कोरोना भाइरस (कोभिड-१९) महामारीको दोस्रो लहरको रोकथाम तथा नियन्त्रण सम्बन्धमा। | नयाँ भेरिएन्टसहितको कोरोना भाइरस (कोभिड-१९) को संक्रमण महानगरपालिका क्षेत्रमा समुदायस्तरमा तीव्र गतिमा फैलिरहेको अवस्थालाई मध्यनजर गर्दै संक्रमण रोकथाम तथा नियन्त्रणका लागि हाल महानगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट भइरहेको गतिविधि/प्रयासहरूमाथि समिक्षा तथा छलफल भयो। सम्भावित उच्च जोखिम रोकथाम, न्यूनीकरण तथा नियन्त्रणका लागि पिसिआर, एन्टिजेन टेस्ट तथा कन्टयाक्ट ट्रेसिङको कार्य प्रभावकारी रुपमा चुस्त-दुरुस्त ढङ्गले गर्ने/गराउने र प्रदेश तथा संघीय सरकार र सरकारी तथा निजि अस्पतालहरूसँग समन्वय गरी संक्रमण रोकथाम, नियन्त्रण र संक्रमितहरूको उपचारको कार्यलाई प्रभावकारी बनाउन आवश्यक कार्य तथा पहल गर्ने सर्वसम्मतिले निर्णय गरियोँ। आइसोलेसन तथा क्वारेन्टाइन सञ्चालनको लागि विभिन्न सेवा सदन तथा संघसंस्थाहरूलाई सहयोग माग गर्ने निर्णय गरियो। |
| २ | विविध। | (क) महानगर आवास कार्यक्रम अन्तर्गत वडा नं. १२ मा अति विपन्न सकुम्वासीहरूको भवन संहिता नमूना वस्ती विकास निर्माण निर्देशिका, २०७८ संसोधनसहित सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो।<br>(ख) प्रदेश समपुरक योजना अन्तर्गत विराटनगर महानगरपालिका वडा नं. ४, सृष्टी मार्ग तथा मिलन मार्गको निर्माण सम्बन्धी कार्य ठेक्का प्रणालीबाट गर्न समय अभावका कारण सम्भव हुने नदेखिएको हुँदा उक्त कार्यहरू उपभोक्ता समितिमार्फत गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(ग) विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारी श्री रवि राईलाई रू.३ लाख ऋण सापट कर्मचारी कल्याण कोषबाट उपलब्ध गराउने निर्णय गरियो। |
| ३ | शोक विदा अनुमोदन सम्बन्धमा। | विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरू नगर प्रहरी हवलदार श्री सूर्य बहादुर घिमिरे र विद्युत हेल्पर श्री सुवास खड्काको क्रमशः मिति २०७८/०१/१८ र २०७८/०१/२१ मा भएको असमायिक निधनप्रति दुःख व्यक्त गर्दै मिति २०७८/०१/१९ र २०७८/०१/२३ मा दिइएको शोक विदाको प्रमुखस्तरीय निर्णयलाई सर्वसम्मतिले अनुमोदन गर्ने तथा उहाँहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण र शोकाकुल परिवारजनमा समवेदना व्यक्त गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो। |